नेपाल सरकार
कृषि, वन तथा पर्यावरण मन्त्रालय
राष्ट्रिय कृषि आधुनिकीकरण कार्यक्रम
कार्यक्रम कार्यान्वयन एकाइ

फोनः ०७१-५७०९१७
०७१-५७०२०१
०७१-५८७००६

Email: pmamp.piu.rupandehi@gmail.co
Website: piurupandehi.pmamp.gov.np

पत्र संख्या :- २०८३/०८४
चलानी नं. :-

## कृषि तथा पशुपन्छी उद्यमशीलता विकास कार्यक्रम सञ्चालनका लागि प्रस्ताव आव्हान सम्बन्धी सूचना

सूचना नं. १४/२०८३/८४

सूचना प्रकाशित मितिः २०८३/०५/१०

राष्ट्रिय कृषि आधुनिकीकरण कार्यक्रम, कार्यक्रम कार्यान्वयन एकाइ, रुपन्देहीको चालु आ.व. २०८३/८४ को स्वीकृत वार्षिक कार्यक्रम अनुसार मिति २०८३/०५/०९ गतेको कार्यालयको निर्णयानुसार **कृषि तथा पशुपन्छी उद्यमशीलता विकास कार्यक्रम** सञ्चालन गर्नु पर्ने भएकोले **कृषि तथा पशुपन्छी उद्यमशीलता विकास कार्यक्रम सञ्चालन कार्यविधि, २०८२** बमोजिम योग्यता पुगेका इच्छुक कृषि उद्यमीहरुले तपसिलमा उल्लेखित आवश्यक कागजात सहित यो सूचना प्रकाशित भएको मितिले ३० औं दिन भित्र अर्थात् (मिति २०८३/०६/०८ गते भित्र) यस कार्यक्रम कार्यान्वयन एकाइमा तपसिल अनुसारका कागजात सहित आवेदन प्रस्ताव पेश गर्नुहुन सम्बन्धित सबैमा जानकारी गराईन्छ।

**<u>तपसिल</u>**

| सञ्चालन हुने कार्यक्रमको नाम | लक्षित लाभग्राही | कार्यक्रम सञ्चालन हुने क्षेत्र | कार्यक्रम सञ्चालन गर्न सकिने बाली/ वस्तु क्रियाकलापहरु | अनुदान रकम तथा भुक्तानी प्रक्रिया |
|---|---|---|---|---|
| कृषि तथा पशुपन्छी उद्यमशीलता विकास कार्यक्रम | कृषि उद्यमी वा १६ देखि ४० वर्ष उमेर समूहभित्रका युवा कृषक | रुपन्देही तथा नवलपरासी (ब.सु.प.) जिल्लाभरि | कार्यविधिको परिच्छेद २ को दफा ४ मा उल्लेख भएका बाली/बस्तु तथा मुल्य श्रृंखलाका क्षेत्रहरु | कार्य सम्पन्न प्रगतिका आधारमा अधिकतम चार लाख रुपैया वा कुल लागतको बढीमा पचास प्रतिशत रकम अनुदान स्वरुप उपलब्ध गराइने। |

<u>निवेदन साथ संलग्न कागजातहरुः</u>

(१) कार्यक्रम सञ्चालन सम्बन्धी निर्दिष्ट ढाँचा बमोजिमको प्रस्ताव।
(२) निवेदकको व्यक्तिगत तथा तिनपुस्ते विवरण खुल्ने कागजातहरु (नागरिकताको प्रतिलिपि)।
(३) कार्यक्रम सञ्चालनका लागि आवश्यक जग्गा सम्बन्धी कागजातको प्रतिलिपि (जग्गाधनी प्रमाणपत्रको प्रतिलिपि वा भाडामा जग्गा लिएको भएमा जग्गाधनीसँग कम्तीमा ५ वर्ष र प्रशोधन तथा भण्डारणसंग सम्बन्धित संरचना निर्माणतर्फ कम्तीमा १० वर्षका लागि गरिएको सम्झौतापत्रको प्रतिलिपि)।
(४) उद्यम वा व्यवसाय दर्ता भएको भएमा सम्बन्धित संस्थामा दर्ता भएको नविकरण सहितको प्रमाण-पत्रको प्रतिलिपि।
(५) कर चुक्ता गरेको विवरणको प्रमाणित प्रतिलिपि, कारोवार सम्बन्धी अन्य कागजातहरु।
(६) स्थायी लेखा नं. प्रमाण पत्रको प्रतिलिपि।
(७) कृषक समूह/ सहकारी संस्थाको सदस्य भएमा सम्बन्धित कृषक समूह/सहकारी संस्थाको सिफारिस पत्र।
(८) स्वघोषणा तथा प्रतिवद्धता पत्र।

द्रष्टव्यः कृषि तथा पशुपन्छी उद्यमशीलता विकास कार्यक्रम संचालन कार्यविधि, २०८२ तथा कार्यविधिमा निर्दिष्ट गरिएका प्रस्तावना फारम तथा कार्यक्रम सञ्चालन गर्न सकिने बाली/वस्तु तथा मूल्य श्रृंखलाका क्षेत्रहरुको विस्तृत विवरण यस कार्यालयको वेभसाइट तथा कार्यालयमा प्रत्यक्ष सम्पर्क राखी प्राप्त गर्न सकिनेछ।

थप जानकारीको लागि परियोजनाको **Website: piurupandehi.pmamp.gov.np** फोन नं. ०७१५७०२०१, ०७१५७०९१७, ९८५७०१६९१७, ९८५७०१७३८१, ९८५७०४८०३२, ९८५७०११२४० मा सम्पर्क राख्नु हुन अनुरोध छ। मितिः

२०८३/०५/१०
माधिकराम पौडेल
प्रमुख कृषि अधिकृत

कृषि तथा पशुपन्छी उद्यमशिलता विकास कार्यक्रम सञ्चालन कार्यविधि, २०८२ परिच्छेद २ को दफा ४ अन्तर्गत कार्यक्रम सञ्चालन हुने बाली/वस्तु तथा मूल्य श्रृङ्खलाका क्षेत्रहरु देहायबमोजिम रहेको छ।

तपसिलः

१. तरकारीको व्यावसायिक उत्पादन, प्रशोधन तथा बजारीकरण,

२. तरकारीको बीउ- बेर्ना उत्पादन, प्रशोधन तथा भण्डारण,

३. दुग्धजन्य वस्तुको प्रशोधन तथा विविधिकरण, छुर्पी उत्पादन, भण्डारण तथा निर्यात,

४. च्याउ बीउ उत्पादन, च्याउ प्रशोधन, भण्डारण र बजारीकरण,

५. मासुजन्य पदार्थको भण्डारण, प्रशोधन र बजारीकरण,

६. अदुवा, बेसार र मसलाजन्य बालीको प्रशोधन तथा बजारीकरण,

७. मौरीपालन व्यवसाय र मह प्रशोधन,

८. जौ, फापर, सिलाम, कोदो, चिनो, कागुनो, लगायत रैथाने बालीको उत्पादन, प्रशोधन तथा बजारीकरण,

९. प्राङ्गारिक, गड्यौली मल वा जैविक मल उत्पादन तथा बजारीकरण,

१०. बागवानी नर्सरी स्थापना तथा विकास, पुष्प व्यवसाय, टिस्यु- कल्चर प्रविधिबाट बीउ र विरुवा उत्पादन गर्ने व्यवसाय,

११. फलफूल प्रशोधन र बजारीकरण,

१२. खाद्यान्नको बीउ उत्पादन तथा प्रशोधन,

१३. ग्रीन हाउसभित्र उत्पादन गरिने बालीहरुको उत्पादन, प्रशोधन र भण्डारण,

१४. साना तथा मझौला खालका कोल्ड च्याम्वर स्थापना तथा सञ्चालन,

१५. घाँसबाट हे (Hay), साईलेज (Silage) तथा हेलेज (Haylage) उत्पादन व्यवसाय,

१६. प्राङ्गारिक कृषि बस्तु निर्यात,

१७. व्यावसायिक पशुपन्छी, मत्स्यपालन, उत्पादन र प्रशोधन,

१८. जैविक विषादी, प्राङ्गारिक विषादी, वनस्पतिजन्य विषादी उत्पादन, प्रशोधन तथा बजारीकरण।

**अनुसूची -२**

(दफा ८ को उपदफा (१) सँग सम्बन्धित)

**कृषि तथा पशुपन्छी उद्यमशीलता विकास कार्यक्रममा सहभागी हुनका लागि आवेदन**

मितिः..................

**श्रीमान् प्रमुखज्यू**
**कार्यक्रम कार्यान्वयन एकाइ, रुपन्देही**

**विषयः आवेदन पेश गरिएको सम्बन्धमा।**

प्रस्तुत विषयमा तहाँ कार्यक्रम कार्यान्वयन एकाइबाट मिति................................ मा प्रकाशित सार्वजनिक सूचना बमोजिम **कृषि तथा पशुपन्छी उद्यमशीलता विकास कार्यक्रम सञ्चालनका लागि** म/हामी.........................................................................................................ईच्छुक भएकाले उक्त कार्यक्रममा सहभागी गराई दिनुहुन आवश्यक कागजात सहित यो निवेदन पेश गरेको छु/छौं।

**निवेदक**
नाम, थर :
ठेगाना:
सम्पर्क नं.:
संस्थाको छापः

**निवेदन साथ संलग्न गर्नुपर्ने कागजातहरु**

(१) कार्यक्रम सञ्चालन सम्बन्धी निर्दिष्ट ढाँचा बमोजिमको प्रस्ताव।
(२) निवेदकको व्यक्तिगत तथा तिनपुस्ते विवरण खुल्ने कागजातहरु (नागरिकताको प्रतिलिपि)।
(३) कार्यक्रम सञ्चालनका लागि आवश्यक जग्गा सम्बन्धी कागजातको प्रतिलिपि (जग्गाधनी प्रमाणपत्रको प्रतिलिपि वा भाडामा जग्गा लिएको भएमा जग्गाधनीसँग कम्तीमा ५ वर्ष र प्रशोधन तथा भण्डारणसंग सम्बन्धित संरचना निर्माणतर्फ कम्तीमा १० वर्षका लागि गरिएको सम्झौतापत्रको प्रतिलिपि)।
(४) उद्यम वा व्यवसाय दर्ता भएको भएमा सम्बन्धित संस्थामा दर्ता भएको नविकरण सहितको प्रमाण-पत्रको प्रतिलिपि।
(५) कर चुक्ता गरेको विवरणको प्रमाणित प्रतिलिपि, कारोवार सम्बन्धी अन्य कागजातहरु।
(६) स्थायी लेखा नं. प्रमाण पत्रको प्रतिलिपि।
(७) कृषक समूह/ सहकारी संस्थाको सदस्य भएमा सम्बन्धित कृषक समूह/सहकारी संस्थाको सिफारिस पत्र।
(८) स्वघोषणा तथा प्रतिवद्धता पत्र।

## अनुसूची -३

(दफा ८ को उपदफा (१) सँग सम्बन्धित)

**कार्यक्रममा सहभागिताको लागि प्रस्ताव**

१. प्रस्तावकको नाम :

२. कार्यक्रम सञ्चालन गर्ने ठेगाना :

जिल्ला : ..................................... न.पा./गा.पाः ....................... वडा नंः............ टोलः ..............................

३. प्रस्तावित कार्यक्रम सञ्चालन सम्बन्धी विवरण (बाली/ वस्तु/ मूल्य श्रृंखलाको क्षेत्र):

४. प्रस्तावित कार्यक्रम सञ्चालनको मुख्य उद्देश्य :

५. प्रस्तावित कार्यक्रम सञ्चालन सम्बन्धी अनुभव :............ वर्ष

६. प्रस्तावित कार्यक्रम सञ्चालन हुने क्षेत्रफल/संख्या :

७. प्रस्तावित कार्यक्रमको कुल लागत रु.:

८. हाल प्रस्तावकसँग उपलब्ध स्रोत-साधन तथा पूर्वाधारहरुको विवरण:

९. हाल सम्बन्धित बाली/वस्तुको उत्पादनको कार्य भइरहेको भएमा हाल उत्पादन कार्य भइरहेको क्षेत्रफल वा संख्या: ......................

वार्षिक उत्पादन परिमाणः ........... वार्षिक आम्दानी :..............

हाल सञ्चालित क्रियाकलापहरुको रंगिन फोटोहरु: प्रस्ताव सहित संलग्न गर्ने

१०. कार्यक्रम सञ्चालन पश्चातको अनुमानित उत्पादकत्वः ....................... वार्षिक आम्दानी :...................

११. प्रस्तावकको खाता रहेको बैंक खाता सम्बन्धी विवरण :

बैङ्कको नामः

खातावालाको नामः

खाता नं.:

१२. प्रस्तावकको स्थायी लेखा नं. सम्बन्धी विवरण:

१३.कार्यक्रम सञ्चालनका लागि गरिने प्रमुख क्रियाकलाप तथा अनुमानित लागत

| **क्र.सं.** | **क्रियाकलाप** | **एकाइ** | **परिणाम** | **दर** | **कुल लागत रु.** | **अनुदान माग रु.** | **कैफियत** |
|---|---|---|---|---|---|---|---|
| **१** | **पूर्वाधार विकास** | | | | | | लम्वाइ, चौडाइ, मोटाइ लगायतका लागत अनुमान सम्बन्धी विस्तृत विवरण समेत राख्नु पर्नेछ। |
| १.१. | | | | | | | |
| १.२ | | | | | | | |
| १.३ | | | | | | | |
| १.४ | | | | | | | |
| १.५ | | | | | | | |
| **२** | **औजार उपकरण** | | | | | | सामानको स्पेसिफिकेशन तथा कोटेशन समेत सामेल गर्नु पर्नेछ। |
| २.१ | | | | | | | |
| २.२ | | | | | | | |
| २.३ | | | | | | | |
| २.४ | | | | | | | |
| २.५ | | | | | | | |
| **३** | **उत्पादन सामाग्री** | | | | | | मल, बीउ, साना औजार वा ज्यालाहरु |
| ३.१ | | | | | | | |
| ३.२ | | | | | | | |
| ३.३ | | | | | | | |
| | **जम्मा** | | | | | | |

१४. कार्यक्रम स्थलमा सिँचाईको व्यवस्था छ/छैन...... ।
छ भने सिँचाईको किसिम ............

१५. कार्यक्रम सञ्लन हुने स्थल सडकसँग जोडिएको छ/छैन..... ।
छ भने सडकको किसिम.......

१६. कार्यक्रम सञ्चालन स्थलमा विद्युतको व्यवस्था छ/छैन...... ....

१७. कार्यक्रमबाट हुने सकारात्मक प्रभाव :

- आय आर्जन :.............प्रति वर्ष
- रोजगारी सिर्जना : ............. जना

१८. कार्यक्रमबाट लाभान्वित हुने सम्भावित कृषक परिवार संख्या :

प्रत्यक्ष .........

अप्रत्यक्ष........

१९. कार्यक्रम सम्बन्धी संक्षिप्त विवरण :

(क) आवश्यकता र औचित्य:

(ख) कार्यक्रम सञ्चालन हुने स्थान र क्षेत्रफल सम्बन्धी विवरण:

(ग) कार्यक्रमबाट उत्पादन हुने वस्तुको सूची र अनुमानित परिमाण:

(घ) कार्यक्रमबाट उत्पादित वस्तुको बजार र बजारीकरण प्रक्रिया:

(ङ) कार्यक्रमबाट उत्पादन हुने वस्तुबाट थप हुने आम्दानी तथा कारोवार सम्बन्धी विवरण:

उपर्युक्त बमोजिमको विवरणहरु जाने बुझे सम्म सहि छ। यदि झुठो ठहरिएमा निवेदन स्वतः खारेज भई कानून बमोजिम सहुँला बुझाउँला।

| **साक्षी** | **निवेदक** |
|---|---|
| दस्तखत : | दस्तखत : |
| नाम : | नाम : |
| पद : | पद : |
| फोन नं.: | फोन नं.: |
| मिति : | मिति : |

**छापः**....................

**प्रतिवद्धता-पत्र**

राष्ट्रिय कृषि आधुनिकीकरण कार्यक्रम, कार्यक्रम कार्यान्वयन एकाइ, भैरहवा, रुपन्देही को मिति २०८३/....../.... मा प्रकाशित सूचना अनुसार ................................................................... कार्यक्रम अन्तर्गत अनुदान प्राप्त गरी कार्यक्रम गर्न इच्छुक भै कार्य योजना सहितको आवेदन पेश गरेको छु/गरेका छौं। उक्त कार्यक्रममा छनौट भएमा कार्य योजनामा उल्लेख भए बमोजिम कार्य गर्ने गरि कम्तिमा ................ वर्षसम्म निरन्तरता दिनेछु/दिनेछौ। कार्ययोजना अनुसारको कार्य नगरेमा वा ........... वर्ष भन्दा अगावै सो कार्यहरु बन्द गरेमा कृषि, वन तथा पर्यावरण मन्त्रालय/राष्ट्रिय कृषि आधुनिकीकरण कार्यक्रम, कार्यक्रम कार्यन्वयन एकाइको अनुदान फिर्ता गर्नेछु/गर्नेछौं। अन्यथा प्रचलित कानून बमोजिम सहुँला/बुझाउँला। इति सम्वत् २०८३ साल ........गते .............रोज ..... शुभम्।

**<u>स्वघोषणा</u>**

म/ हामी, हाम्रो संस्थाको तर्फबाट यो स्वीकार गर्दछौं कि मेरो/ हाम्रो ज्ञान बुद्धिले जानेसम्म यो फारममा उल्लेख गरिएका विवरण/ तथ्यहरु सत्य छन्। माथिका विवरण तथा तथ्यहरु हामीले जानी जानी फरक पार्न खोजेको ठहरिएमा हाम्रो आवेदन छनोट प्रक्रियामा समावेश हुने छैन भन्ने कुरा मैले/ हामीले राम्ररी बुझेको छु/ बुझेका छौं। हामीले पेश गरेको आवेदन प्रस्ताव स्वीकृत भएमा कार्यालयको नीति नियम सम्झौता तथा शर्त पालना गरी कार्यान्वयन गर्दछौं वा गर्ने छु। प्रस्तावित लगानी कार्यक्रमको लागि अन्य दाताहरुबाट अनुदान प्राप्त नगरेको र प्राप्त गर्न पहल नगरेको स्वघोषणा समेत गर्दछौं वा गर्ने छु।

**<u>संस्थाको तर्फबाट:</u>**

नाम:

दस्तखत:

पद:

संस्थाको नाम:

| **बायाँ** | **दायाँ** |
|---|---|
| | |